# ब्रिटिश गोरखा नेपाली नागरिकता निरन्तरता अभियान

## बेलायतको

# अबधारणा पत्र

## पृष्ठभूमि :

गोरखाहरुलाई बेलायत सरकारले अमानविय तवरवाट बिभेद गरेको दुई शताब्दी भन्दा बढी भई सकेको छ । तर बिगतका सरकारहरुले हामी गोरखा माथि भएको बिभेदलाई बेवास्ता गरी दिनाले हामी आफै, आफ्नै बलबुतोले बेलायती अन्यायको बिरुद्ध अनेकौ आन्दोलन र संघर्ष गर्दै न्याय प्राप्त गर्न बेलायतमै आउन वाध्य भएका छौं । तीन दशक लामो संघर्ष पछि बेलायती बिभेदको पुलिन्दा सप्रमाण बेलायत सरकारलाई नेपाल सरकार समक्ष दाखिल गरेका छौं । तर अझै पनि नेपाल सरकारले निर्णायक वार्ता गर्ने प्रभावकारी तदारुकता देखाउन सकेको छैन ।

## १) बेलायतको आवासीय अधिकार तथा अंगीकृत नागरिकता लिनु पर्ने बाध्यता

न्याय र समानताको लागि लड्दै बेलायत आएका गोरखा र गोरखाका सन्ततिहरु यहाँको आधारभूत अधिकार र सुबिधा उपभोग गर्दै आफ्नो गुज़ारा चलाउनकै लागि पनि बेलायत सरकारले गोरखाहरुलाई सम्मान स्वरुप प्रदान गर्ने बेलायती आवासीय भिषा हुदै अंगीकृत नागरिकता (Naturalization) लिनु वाध्य बनेका छौं । यहाँ रहुन्जेल राम्रो रोजगारी तथा शिक्षा लगायतका सुविधा प्राप्त गरी जीवन सहज बनाउन बेलायती अंगीकृत नागरिकता (Naturalization) लिनै पर्ने वाध्यता छ । मुख्य गरी गोरखाका सन्ततिहरुलाइ शिक्षा आर्जनका लागि यो अनिवार्य छ । तर ब्रिटिश गोर्खाहरुले बेलायती अंगीकृत नागरिकता लिन आवासीय भिषा प्राप्त गरे पछि ५ वर्ष निरन्तर वेलायतमा बस्नु पर्ने र पाँच वर्षपछि आवश्यक मापदण्ड पुरा गरे पछि सिमित संख्याले मात्र अंगीकृत नागरिकता लिनु सम्भव हुन्छ । वेलायती कानून अनुसार वेलायती अंगीकृत नागरिकता लिँदा पनि नेपाली नागरिकता त्याग्नु पर्ने वाध्यता हुदैन । यद्यपि:अधिकांश गोरखाहरु आवासीय भिषामा मात्र सिमित हुनुपरेको छ । तर नेपाल सरकारले आवसीय भिषा प्राप्त गोर्खाहरुलाई नेपालको नागरिकता हुँदा हुँदै पनि नेपालको संविधानको धारा २९१ को प्रावधान बमोजिम नेपालको कुनै पनि निर्वाचनमा भोट हाल्न नपाईने, मनोनयन हुन नपाईने र नियुक्ति हुन नपाईनुले नेपाल सरकारले संवैधानिक रुपमै हामी ब्रिटिश गोरखाहरुलाई राज्य बिहिन (State less) वनाएको छ । हामी गैर-आवासीय नेपाली (NRN) पनि होईनौं । एन. आर. एन. जस्तो विदेशी अंगीकृत नागरिकता लिनु नेपाली नागरिकता त्यागेका पनि छैनौं ।

## २) गोरखाहरु राज्य बिहिन बन्ने खतरा :

ब्रिटिश गोरखा र गोरखा सन्ततिहरुको वंशजको नेपाली नागरिकता यथास्थितिमै निरन्तर रहने नेपालको संविधान २०७२ मा ब्यवस्था गरियोस भनि, संबिधान निर्माणको क्रममा हाम्रो अनेकौं प्रयासका बावजुद पनि संबिधान सभाले गम्भीरताका साथ नलिई दिएको कारणले संबिधानमा प्रष्ट व्यवस्था हुन सकेन । गोरखाहरुको योगदान, सन्धि सम्झौता र अन्तराष्ट्रिय कानूनलाई बेवास्ता गर्दै संबिधानमा ब्रिटिश गोरखाका बिषयमा एक शब्द पनि उल्लेख नगरिनु आफैमा निन्दनीय र दुःखद बिषय हो ।

उक्त संबिधानमा गोरखाहरुलाई पनि आम एन.आर.एन. सरहनै राख्ने गम्भीर त्रुटि भएको छ । वेलायती सेनामा आवद्ध भएर पहिलो विश्व युद्ध, दोस्रो विश्व युद्ध लड्दै हिटलरलाई समेत हराएर वेलायतलाई बचाएको कारण वेलायत सरकारले हामीलाई वेलायतमा बस्नु पाऊने गरी आवासीय भिषा मात्र सम्मान स्वरुप दिएको हो । उक्त आवसीय भिषा वेलायतको कुनै अंगीकृत नागरिकता पनि होईन । यस्तो अवस्थामा नेपाली नागरिकतालाई एन. आर. एन. सरहको आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार मात्र दिने गरी बनेको संवैधानिक ब्यवस्था नै ब्रिटिश गोरखा समुदायका लागि राज्यबिहिन बनाऊने प्रावधान भएको हुँदा हामीलाई घोर अन्याय हुन पुगेको छ । त्यसैले, संबिधान संशोधन मार्फत ब्रिटिश गोरखा र गोरखा सन्ततिहरुले आवासीय भिषा वा बेलायती अंगीकृत नागरिकता लिनु परे पनि तिनका वंशजको नेपाली नागरिकता निरन्तरताको सुनिश्चित गर्न गराउन, देश र जनताको वर्तमान र भविष्य निर्माण र निर्धारण गर्ने अहम् भूमिकामा रहेका सरकार तथा सम्मानित संसद समक्ष बिनम्र अनुरोध गर्दै आएका छौं । तर यसको गम्भीरताका साथ सुनुवाई हुनसकेको छैन ।

## 3) सुगौली सन्धि र गोरखाहरुको बलिदान:

हामी यो पनि  स्मरण गराउन चाहन्छौं कि, ब्रिटिश गोरखाहरु सन १८१६ ताका बेलायती साम्राज्य बिस्तारको क्रममा बेलायती ईष्ट ईण्डिया कम्पनीको आक्रमणबाट देशलाई बचाउन यिनै नेपाली युवा, गोरखाहरुलाई तत्कालिन नेपाल सरकारले बेलायती सेनामा पठाउने र त्यसको बदलामा तत्कालिन ईष्ट ईण्डिया कम्पनीले कब्जा गरेको नेपाली भू-भाग मध्य तराईका केही जिल्लाहरु (बांके, बर्दिया, कैलाली, कञ्चनपुर) नेपाललाई फर्काउने साथै नेपालको सार्वभौमिकता र राष्ट्रिय अखण्डता माथि आक्रमण नगर्ने शर्त सहित  ४ मार्च सन् १८१६ मा सुगौली सन्धि गरेर, उक्त सन्धिको प्रस्तावनामा नै उल्लेख गरी वार्षिक २ लाख ५० हजार स्टर्लिङ पाउण्ड, रोयल्टी लिएर गोर्खा भर्ती आरम्भ भएको हो । अर्थात गोरखाहरुकै बलिदानले नेपालको सार्वभौमिकता र राष्ट्रिय अखण्डता बचाएको थियो ।

## ४) त्रिपक्षीय सन्धि :

त्यसै गरी सन १९४७ नोभेम्बर ९ मा पुनः “ब्रिटिश गोरखाहरु नेपाली नागरिकको हैसियतले नै बेलायती सेनामा प्रबेश गर्छन, र बेलायती सैन्य सेवा पश्चात पनि नेपाली नागरिक नै रहन्छन ”भन्ने लगायतका शर्तहरू उल्लेख गर्दै त्रिपक्षीय सन्धि गरेर ब्रिटिश गोर्खा भर्तीलाई थप औपचारिकता र वैधानिकता दिईयो । पछिल्लो समय सन् २००९ मा गोरखा परिवारलाई ब्रिटेनको आवासीय अधिकार दिने विषयमा पनि ब्रिटेनलाई नेपाल सरकारले लिखित अनुमति दिएको छ । जसको प्रतिलिपि नेपाल सरकार संग सुरक्षित हुनुपर्दछ ।

## ५) अन्तराष्ट्रिय कानून र मानवअधिकारको उल्लङ्घन :

सरकार स्वयंले औपचारिक सन्धि सम्झौता नै गरेर पठाएको र राष्ट्को सार्वभौमिकता र राष्ट्रिय अखण्डता जोगाउनको लागि जीवन बलिदान दिएका गोरखाहरु जसलाई नेपाल सरकार स्वयंले बेलायतको आवासीय अधिकार का लागि अनुमति दिएकोछ, तिनै नेपाली नागरिकहरुलाई आम गैर- आवसीय नेपाली (NRN) सरह ब्यवहार गरिनु या गर्न खोज्नु घोर अन्याय मात्र हैन, अन्तराष्ट्रिय कानून र मानवअधिकारको उल्लङ्घन पनि हो । अर्को कुरो गोरखाहरूको बलिदानले नेपालको राष्ट्रिय अखण्डता र सार्वभौमिकता जोगिएको मात्र नभई गोरखाहरू कै कारण बेलायतको सहयोगमा संयूक्त राष्ट्संघको सदस्यता प्राप्त गरी नेपाल सुरक्षित भएको कुरा हरेक नेपाली र नेपाल सरकारले बिर्सनै नहुने विषय हो भन्ने समेत स्मरण गराउन चाहन्छौ।

## ६) विश्वयुद्धमा केका लागि मरे २ लाख गोरखाहरु ? :

"वेलायती सम्मानार्थ अंगीकृत नागरिकता लिईसके पछि किन बंशजको नेपाली नागरिकता चाहिने", भनेर केही उच्च तहकै नेता तथा कर्मचारीहरु बाट नै "चिची र पापा" दुवैको लोभ गर्नु मिल्दैन, भन्ने जस्ता सतहि अभिब्यक्ति सुन्नु पर्दा हामीलाई दुःख लाग्ने गर्दछ र यस्ता अभिब्यक्ति प्रति हाम्रो घोर आपति छ । किनकि सुगौली सन्धिमा पहाडे मूलका गोरखाहरूलाई समर्पित गरेपछि नेपालको सार्वभौमिकता त जोगियो नै, तर नेपालले भाग नै नलिएको बिश्वयुद्ध हरुमा २ लाखभन्दा बढी हाम्रा पितापूर्खाहरु बिनाकारण मारिएको पीडाले हामीलाई सधैं घोची रहन्छ । यसरी पराई मुलुकको स्वार्थमा त्यती ठूलो संख्यामा आफ्नो नागरिकहरु सहादत हुँदा नेपाल सरकारलाई पनि पिडा हुनु पर्ने हो, तर त्यस्तो अनुभूति हामीले गर्न पाएका छैनौं । अनि त्यँही देशका लागि जीवन समर्पण गर्ने देशभक्त नेपाली, ब्रिटिश गोरखाहरुका नेपाली राष्ट्रियता खोस्न मिल्छ ?

## ७) गोरखाहरुले आफै बेलायतको आवासीय अधिकार मागेको होइन :

राणा शासकहरूले आफ्नो निरङ्कुश शासन जोगाउनको लागि राष्ट्रकै शिर झुक्ने गरी नेपाली नागरिकहरूलाई भाडाको सिपाही बनाउदै त्रिपक्षीय सन्धि गरेर अपमानजनक प्रथाको आरम्भ गरयो। आज सम्म पनि उक्त गुमेको स्वाभिमान फर्काउन नेपाल सरकारले नसकेको कारण हामी पिडित भएका छौं। यसरी बिभिन्न कालखण्डमा गलत ढङ्गबाट गरिएको सन्धि सम्झौताहरूकै परिणाम स्वरूप गोरखाहरू आफ्नो अधिकार खोज्ने क्रममा बेलायतको आवासीय अधिकार लिन बाध्य भएको सर्वविदितै छ। तसर्थ हामी नेपाल सरकारलाई यो पनि स्मरण गराउन चाहन्छौं कि हामी गोरखाहरूले कहिल्यै पनि वेलायतको नागरिक हुनु पाऊँ भनेर माग गरेका थिएनौं। हामीले त बेलायतको अमानवीय विभेद र अन्याय बिरुद्धमा समानता र न्याय पाँऊ मात्र भनेका थियौं। तर स्वयं बेलायतले योगदानको कदर गर्दै कानूनत: केही सेवा सुबिधा दिनैपर्ने हुदा, देशको मुद्रा बिदेशीने डरले सम्मानार्थ आवासीय अधिकार दिएको कारण गोरखाहरूको बेलायतमा अधिकारिक बसोवास शुरू भएको हो। यसरी बस्न थालिए पछि जीविकोपार्जनका आधारभूत अधिकारको उपभोग गर्नका लागि बाध्य भएर केहिले मात्र बेलायती अंगीकृत नागरिकता लिनु परेको हो भन्ने बारे पनि यहाँ स्पष्ट पार्न चाहन्छौं । स्मरण रहोस, वेलायत सरकारले प्रतिकूल परिस्थितिमा बिदेशी मूलका अंगीकृत मात्र हैन जन्मसिद्ध नागरिकको समेत नागरिकता खोसेर देश निकाला गर्न सक्ने प्रावधान छ । त्यसर्थ गोरखाहरुको बेलायत बसाई बिल्कुल अस्थायी हो।

## ८) गोरखा भर्ती र मानव ब्यापार :

अन्तराष्ट्रिय कानून अनुसार बेलायतले गोरखा फौजलाई पनि अन्य राष्ट्रका आफ्ना फौजहरुलाई झैं बेलायती नागरिकता दिएर मात्र आधिकारिक रूपमा परिचालन गर्न सक्दछ । त्यसर्थ, बेलायती सेनामा प्रवेश गर्ने बितिक्कै गोरखा (नेपाली नागरिक) हरुले बेलायती अंगीकृत नागरिकता लिनै पर्ने वाध्यता छ । बर्तमान नेपालको संविधान र ऐन अनुसार बिदेशी नागरिकता लिनसाथ नेपाली नागरिकता समाप्त हुने प्रावधान रहेकोले अब संबिधानमा ब्रिटिश गोरखाहरुको नेपाली नागरिकता निरन्तर रहने ब्यबस्था नगरी, गोरखा भर्तीलाई निरन्तरता दिने हो भने, नेपाल सरकारले आफ्नो नागरिक बेचेको ठहरिनेछ।

## ९) दक्ष जनशक्ति र पुँजी पलायन :

ब्रिटिश गोरखाहरुको नेपाली नागरिकता ाको निरन्तरता नभए, राष्ट्रको पहिचानका रुपमा रहेका गोरखा समुदाय नेपालबाट लोप हुने प्रायः निश्चित छ, र गोरखाहरु संगै नेपालबाट ठूलो मात्रामा पुँजी पलायन हुने निश्चित छ। सदियौं देखि स्थापित बिप्रेषणको श्रोत समेत बन्द हुने छ साथै वेलायत जस्तो विश्वले मान्यता दिएको शिक्षण संस्थानहरुबाट उच्च शिक्षा लिएका गोरखा सन्ततिहरू अर्थात दक्ष नागरिकहरु नेपालले गुमाउनु पर्ने छ।

## १०) निर्विकल्प हाम्रो माग:

त्यसकारण बेलायत, हङ्कङ मा सम्मानार्थ आवासीय भिषा वा अंगीकृत बेलायती नागरिकता लिएका ब्रिटिश गोरखा र गोरखा सन्ततिहरूको बंशजको नेपाली नागरिकता यथास्थितिमै निरन्तर रहने र गोरखाका नेपाल बाहिर जन्मेका सन्ततिहरुले स्वतः बंशजको नेपाली नागरिकता लिन सक्ने ब्यवस्था संबिधान संशोधन मार्फत सुनिश्चित गर्न गराउन नेपाल सरकार तथा ब्यबस्थापिका संसदमा निर्णायक पहल गरिदिन सम्पूर्ण युके, हङ्कङ मा रहेका गोरखाहरुको प्रतिनिधित्व गर्दै " ब्रिटिश गोरखा नेपाली नागरिकता निरन्तरता अभियान समिति - युके (BGNCCC-UK/Nepal) बिनम्र अनुरोध गर्दछ ।

# ११) कानूनी / संबैधानिक पक्ष:

ब्रिटिश गोरखाका वंशजको नेपाली नागरिकता निरन्तरता को बिषय संबेदनशिल राष्ट्रिय मुद्दा भएको ठहर गर्दै, संबिधानबिद् एवं बरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली ज्यूले सन २०१४ बाट निरन्तर नि:शूल्क कानुनी एवं संबैधानिक सल्लाह सुझाव सहित यस अभियानलाई मार्ग निर्देश गरिरहनु भएको छ । यसै अभियान अन्तर्गत ब्रिटिश गोरखाहरुको बंशजको नेपाली नागरिकता निरन्तर रहनु पर्ने ऐतिहासिक एवं कानुनी आधारका दस्तावेजहरु प्रमाणका रुपमा संबिधानबिद, एवं बरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली द्वारा लिखित " सुगौली सन्धि र नेपाली नागरिकता, ब्रिटिश गोरखाका वंशजको नेपाली नागरिकता निरन्तरता " (Treaty of Sugauli and Citizenship in Nepal, Continuation of Citizenship by descent of British Gurkhas) नामक ४०० पृष्ठको पुस्तक प्रकाशन गरिएको छ । यसका साथै बरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली र अधिवक्ता योगिता राई द्वारा लिखित “ब्रिटिश गोरखा र परिवारहरुको वंशजको नागरिकता निरन्तरता एवं पूँजी पलायन” नामक संक्षिप्त कानुनी तथा ऐतिहासिक तथ्यहरू समेटिएको पुस्तिका (Booklet) समेत प्रकाशित गरिएको छ ।

## १२) बिगतमा गरिएका पहलहरु :

यस अभियानमा अहिले सम्म नेपालका बिभिन्न राजनीतिक दलका बरिष्ठ नेताहरु लगायत प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननिय सांसदहरु संग दुइ दर्जन बढी सभा सेमिनार तथा अन्तरकृया कार्यक्रम सम्पन्न गरिसकेका छौं । त्यसैगरी, सम्बन्धित मन्त्रालय तथा जिम्मेवार मन्त्रीहरु, पूर्व प्रधानमन्त्रीहरू, सभामुख लगायत अन्य राजनैतिक पार्टीका शिर्षास्थ नेताहरुकोमा पचासौं पटक डेलिगेसन गई संबिधान संशोधनको लागि पहल गरिदिन अनुरोध गरेका छौं र सबैबाट सकारात्मक प्रतिक्रिया नै पाएका छौं ।

## १३) मुख्य उद्देश्य :

त्यसैले हाम्रो जोडदार माग भनेको, आगामी संसदको अधिवेशनमा सरकारी संशोधन बिधेयक पेश गरी संसदको सर्वसम्मत वा कम्तीमा दुई तिहाई बहुमतले पारित गरी, संघिय गणतन्त्र नेपालको संविधानमा ब्रिटिश गोरखाहरु र तिनका सन्ततिहरुको बंशजको नेपाली नागरिकता यथास्थितिमा निरन्तर रहने प्रष्ट ब्यबस्था गरियोस भन्ने हो। यसका लागि अनुकूल वातावरण निर्माण गर्न गराउन यहाँहरु सबैबाट सकारात्मक एवं निर्णायक भूमिका रहोस् भन्ने अनुरोध गर्दैआएकाछौं ।

अन्त्यमा, नेपाली नागरिकताको विकल्पमा ल्याईएको "राष्ट्रिय परिचयपत्र" बितरण को सिलसिलामा बेलायतको अंगिकृत नागरिकता (Naturalization) प्राप्त गोरखा र गोरखा सन्ततिहरुलाई दोहोरो नागरिकता बाहक को अर्थमा नलिईयोस भनि नेपाल सरकार लाई अग्रीम जानकारी समेत गराउन चाहन्छौ । कारण नागरिकताको सट्टा प्राप्त हुने राष्ट्रिय परिचयपत्र नेपाली नागरिकता बाहक जो कोही नेपालीले सहजरुपमा पाँउनु पर्दछ । गोरखा हरुलाई प्राप्त British Naturalization को हैसियत दोहोरो नागरिकता वा नेपाली नागरिकताको बिस्थापन हैन ।

# धन्यबाद ।

**ब्रिटिश गोरखा नेपाली नागरिकता निरन्तरता अभियान युके**

**(British Gurkhas Nepali Citizenship Continuation Campaign - UK/Nepal)**